### म्यासाच्युसेटस् –

तोकिएका एकजना काउन्सिल प्रशासकले विगत वर्षको अभिलेखको प्रयोग गर्दै कुनै एक दिनमा सबै अदालतमा थुनुवालाई अभियोग सुनाउने क्रममा कति जना कानून व्यवसायी चाहिन सक्छ भनि अनुमान गर्छ। प्रतिरक्षा प्रदान गर्ने कानून व्यवसायीलाई नियुक्त गरिन्छ र आवश्यकता अनुसार निजी कानून व्यवसायीलाई पनि नियुक्त गरिन्छ । अभियुक्तलाई अदालत पठाउनु अगाडी नै उनी कानूनी सहायता पाउन योग्य रहे नरहेको जाँच्न परिक्षण गरिन्छ । सम्भव भएसम्म उनलाई पहिलो सुनुवाईमा नियुक्त गरिएको कानून व्यवसायीले मुद्दाको अन्त्यसम्म नै प्रतिरक्षा प्रदान गर्छ।

### न्यू योर्क शहर –

न्यू योर्क शहरका अदालतमा कानून व्यवसायीहरुलाई आलो पालोका आधारमा नियुक्त गरिएको हुन्छ। कानून व्यवसायी राख्न असक्षम अभियुक्तलाई पालोमा रहेको कानून व्यवसायीले कानूनी प्रतिनिधित्व प्रदान गर्छन्। ती कानून व्यवसायीहरु प्राय प्रतिरक्षा प्रदान गर्ने स्टाफ अधिवक्ता हुन्छन् र आवश्यकता अनुसार निजी अधिवक्तालाई पनि पालो प्रदान गरिन्छ।

## २. दक्षिण अफ्रिका

दक्षिण अफ्रिकाको संविधानले राज्यकै खर्चमा थुनुवाले कानून व्यवसायी प्राप्त गर्ने हक सुनिश्चित गरेको छ; यसो नगर्दा अन्याय हुन जान्छ । थुनुवालाई आफ्नो हक अधिकारको बारेमा तुरुन्त सूचना प्रदान गर्नुपर्छ । पक्राउ गरिएका व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट विशेष परिस्थिति बाहेक (अदालतको काम कारवाही नहुने दिन परेमा) ४८ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्दछ। अदालतमा उपस्थित गराइए पछि त्यस व्यक्तिलाई आफू विरुद्धको अभियोग पढेर सुनाइन्छ र कारवाही अगाडी बढाइन्छ। प्रायः, पहिलो म्याद थपकै सुनुवाईमा त्यस्ता व्यक्तिलाई राज्यले नियुक्त गरेको कानून व्यवसायी वा अन्य निजी कानून व्यसायी चाहिए वा नचाहिएको बारेमा सोधिन्छ। राज्यले प्रदान गर्ने कानूनी प्रतिनिधित्व न्याय केन्द्रद्वारा प्रदान गरिन्छ, जसले कानूनी सहायत प्राप्त गर्ने व्यक्तिहरुको लागि ल फर्मको जस्तो भूमिका निर्वाह गरि रहेको हुन्छ । अभियुक्त कानूनी सहायताको योग्य ठहरिएमा राज्यले तिनीहरुलाई कानूनी प्रतिनिधित्व प्रदान गर्छ । कानूनी सहायताको लागि योग्य व्यक्तिले न्याय केन्द्रमा अनलाइन, फोन वा व्यक्तिगत रुपमा पनि निवेदन दिन सक्छन्।

## ३. अस्ट्रेलिया

संयुक्त राज्य अमेरिका जस्तै अस्ट्रेलियामा पनि संघीय कानूनी व्यवस्था छ र राज्य अनुसार कानूनी नीतिहरुमा अन्तर रहेको छ । अस्ट्रेलियाका हरेक राज्य तथा सीमामा एउटाका दरले ८ वटा कानूनी सहायता आयोगहरु रहेको छ। संयुक्त रुपमा ती राष्ट्रिय कानूनी सहायताको रुपमा रहेका छन् भने प्रशासकीय रुपमा ती राज्य अनुसार फरक फरक रुपमा काम गर्छन्।

न्यू साउथ वेल्समा "ड्यूटी लयर" मार्फत अदालतमा अभियुक्तलाई फौजदारी अभियोग सुनाउने क्रममा कानूनी सहायता प्रदान गरिन्छ। ड्यूटी लयर अदालतमा तोकिएका हुन्छ । ती ड्यूटी लयर कि त न्यू साउथ वेल्स कानूनी सहायतामा पूर्ण समय कार्यरत कानून व्यवसायी हुन्छन् या त निजी कानून व्यवसायी हुन्छन्, जसलाई न्यू साउथ वेल्स कानूनी सहायताले ड्यूटी लयरको रुपमा काम गर्न आवश्यक पारिश्रमिक तिरेको हुन्छ। ड्यूटी लयरको सेवा जसले पनि प्राप्त गर्न सक्छन् र आर्थिक रुपले असक्षम पक्षले पनि ड्यूटी लयरको सेवा प्राप्त गर्न सक्छन् । तर ड्यूटी लयरले तोकिएको दिनमा सिमित सेवा मात्र प्रदान गर्न सक्छन्। जस्तै सुनुवाई स्थगन गर्ने ताकि अभियुक्तले निजी कानून व्यवसायीबाट वा असहाय भए सार्वजनिक प्रतिरक्षकबाट गहन कानूनी परामर्श लिन सकुन । आफू विरुद्धको अभियोग सुनाइसकेपछि अभियुक्तले कानूनी सहायताको लागि निवेदन दिनु पर्छ। त्यसपश्चात आर्थिक अवस्थाको मूल्यांकन गरिन्छ र अभियुक्त कानूनी सहायताका लागि योग्य ठहरिएको खण्डमा ऊसलाई कानून व्यवसायी नियुक्त गरिन्छ, जसले निजको मुद्दामा कानूनी प्रतिनिधित्व प्रदान गर्छन्।

**<u>PDS-Nepal को नि:शुल्क कानूनी सहायताको लागि सम्पर्क नं०</u>**

**काठमाण्डौ :** ०१-४२२३५४५ वा फोन गर्दा रकम नलाग्ने नं० १६६००१६५००० (NTC को कुनै पनि फोन मार्फत)
**मोरंङ्ग (विराटनगर) :** ९८५२०३१३८३ र ९८५२०२७४४१
**धनुषा (जनकपुर)** : ०४१-५२७८५०
**पर्सा (विरगंज) :** ९८४९४९९०७२
**मकवानपुर (हेटौडा) :** ०५७- ५२६९९७
**रुपन्देही (भैरहवा):** ०७१-५२४८६०
**बाँके (नेपालगंज):** ०८१-५२८२८२
**कंचनपुर (महेन्द्रनगर) :** ०९९-५२०६०६

# कानूनी परामर्शमा शीघ्र पहुँचको आवश्यकता



Public Defender Society of Nepal
सार्वजनिक प्रतिरक्षक समाज नेपाल
*Defending the poor, ensuring justice*
गरीबलाई प्रतिरक्षा, न्यायमा सुनिश्चितता

## कानूनी परामर्शमा शीघ्र पहुँचको आवश्यकता

हरेक अभियुक्तलाई कानूनी परामर्शमा शीघ्र पहुँच हुनै पर्छ ताकि तिनका कानून व्यवसायीले तिनीहरुको अधिकारको सुरक्षा गर्दै तिनीहरुलाई अर्थपूर्ण प्रतिनिधित्व प्रदान गर्न सकुन । कानून व्यवसायीको काम आफ्नो पक्षलाई अदालतमा ऊ बिरुद्ध लागेको आरोपबाट प्रतिरक्षा दिनु मात्र होइन, आफ्नो पक्षलाई प्रहरी र अभियोजन पक्षबाट हुन सक्ने दुरुपयोग जस्तै शारीरिक र मानसिक यातना, उत्पीडन, जर्बजस्ती बयान र गैरकानूनी थुनाबाट बचाव गर्नु पनि हो । कानून व्यवसायीको कर्तव्य आफ्नो पक्षलाई मुद्दाको सबै महत्वपूर्ण चरणहरुमा कानूनी प्रतिनिधित्व प्रदान गर्नु हो, विशेषगरि जब म्याद थपका अदेशहरु गरिन्छ । मुद्दाका शुरु चरणमा हुने दुरुपयोगले त्यस मुद्दाको हरेक पछिल्लो चरणमा पनि असर गर्छ जसले स्वच्छ सुनुवाईको अवधारणलाई अनुशरण गर्न कठिन वा असम्भव बनाउँछ । कानून व्यवसायीको शीघ्र नियक्तिले कानूनी प्रतिरक्षाको हक सुनिश्चित गर्छ जसकारण कानून व्यवसायीले शीघ्र अनुसन्धान गर्न सक्छन् र सम्भव भएसम्म मुद्दाको शीघ्र समाधानको लागि वकालत गर्न सक्छन् । कानूनी परामर्शको हक र स्वच्छ सुनुवाईको हकको अर्थपूर्ण सुनिश्चितताको निमित्त अभियुक्तको कानूनी परामर्शमा शीघ्र पहुँच हुनैपर्छ ।

**पक्राउ परेका सबै व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफुले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुन्छ**

नेपालको संविधान, कानून र सर्वोच्च अदालतको फैसलाहरुबाट पनि पक्राउमा परेका सबै व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफुले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकलाई सुनिश्चित गरेको छ ।

***नेपालको संविधानको धारा २०(२):***

पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफुले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ ...

***सोम प्रसाद लुइटेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय***

*जब कुनै व्यक्ति पक्राउमा पर्छ, उ आफ्नो स्वतन्त्रताको हकबाट बंचित हुन पुग्छ । उसको स्वतन्त्रताको हरण ऊ पक्राउ परे देखि उसको रिहाई (धरौटीमा वा साधारण तारिखमा) नहुञ्जेल सम्म रहेको हुन्छ । यदि फौजदारी मुद्दामा कुनै अभियुक्तले कानून व्यवसायीबाट कानूनी परामर्श प्राप्त गरेन भने त्यो संविधान विपरित हुन जान्छ।*

**अदालतले कानूनी परामर्शमा शीघ्र पहुँचको सुनिश्चितता गर्नुपर्छ**

संवैधानिक अधिकारहरु कार्यान्वयन गर्ने क्षेत्राधिकार र जिम्मेवारी दुबै अदालतको हुन्छ धारा १२६ (१) नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ ।

**वर्तमानको समयमा असहाय अभियुक्तलाई प्रथम म्याद थपकै क्रममा कानूनी परामर्श प्रदान गर्ने कुनै संयन्त्र छैन**

नेपालको संविधानको धारा २०(३) अनुसार पक्राउ गरिएका व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोका म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

प्रथम पटक म्याद थपका अदालत समक्ष उपस्थित गराइने समयमा नै असहाय अभियुक्तहरुलाई कानून व्यवसायी नियुक्त गरि दिने सर्वोत्तम समय हो । यसबाट म्याद थपको आदेश हुने महत्वपूर्ण कार्यमा कानूनी प्रतिनिधित्वताको सुनिश्चितता हुदै अभियुक्तको कानूनी परामर्शको अधिकारमा समेत शीघ्र पहुँचको हक र स्वतन्त्रताको हक पनि सुनिश्चित हुन जान्छ । प्रशासनिक दृष्टिकोणबाट पनि कानून व्यवसायी नियुक्त गर्ने यो सर्वोत्तम बाटो पनि हो । न्यायाधीशज्यूहरुसँग कानून व्यवसायी नियुत्त गर्ने क्षेत्राधिकार र जिम्मेवारी दुबै रहेको छ र हरेक अभियुक्त न्यायाधीशज्यू समक्ष उपस्थित गराइने हुन्छ । यस विषयमा न्यायाधीश ज्यूको अग्रनि भुमिका रहेको हुँदा प्रहरी, अभियोजक, थुनुवा अथवा तिनीहरुका परिवारले अभियुक्त र कानून व्यवसायीबीच सम्वन्य गर्दा आउने वा हुन सक्ने सबै अनिश्चितताहरु पनि हटछ ।

**कमन ल अनुसरण गरेका धैरै राष्ट्रहरुमा पहिलो सुनुवाईमा नै कानून व्यवसायी नियुक्त गरिन्छ**

धैरे देशहरुमा म्याद थपको पहिलो सुनुवाईमै कानून व्यवसायी नियुक्त गर्ने संयन्त्र प्रभावकारी रुपमा कार्यान्वयन भएको छ । संयुक्त राज्य अमेरिका, दक्षिण अफ्रिका र अष्ट्रेलियाका केही उदाहरणहरु तल उल्लेखित छ ।

**१. संयुक्त राज्य अमेरिका**

संयुक्त राज्य अमेरिकाको संविधानले स्वच्छ सुनुवाईको अंग स्वरुप प्रतिरक्षा प्रदान गर्ने कानून व्यवसायीको सहायताको सुनिश्चितता गरेको छ । गिडीयन वि० वेनराईट को मुद्दामा सर्वोच्च अदालतले फौजदारी अभियोग लागेको हरेक व्यक्तिलाई सरकारले प्रतिरक्षा प्रदान गर्ने कानून व्यवसायी नियुक्त गर्नु पर्ने भनि व्याख्या गरेको छ ।

फौजदारी प्रक्रिया राज्य र स्थानीय तहमा निर्माण हुने भएकोले संयुक्त राज्य अमेरिकामा कानून व्यवसायी नियुक्त गर्ने समय र व्यवस्था राज्य अनुसार फरक छ । तर प्राय पक्राउ परेको ४८ घण्टा भित्र अभियुक्तलाई अदालतमा हाजिर गराई ऊ विरुद्धको अभियोग पढेर सुनाइन्छ । यस चरणमा वा अदालतमा पहिलो सुनुवाईमा अभियुक्तलाई कानून व्यवसायी नियुक्ति गरेर कानूनी परामर्शमा शीघ्र पहुँच सुनिश्चित गरिएको छ । **उदाहरणहरुः**